**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

सम्वत् २०७५ सालको मुद्दा नं.०७४-RB-०१७२

निर्णय नं. ७९

**मुद्दाः-मूल्य अभिवृद्धि कर(२०६८/०६९)।**

काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३१ बागबजार स्थित नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड(स्थायी लेखा नं. ३०१२६९३२८)को तर्फबाट ऐ. का अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्याल..........................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर....................................... १ } प्रत्यर्थी

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कर्यालयको निर्णय मितिः-२०७३/०४/१२

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७४।०१।०७

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग,काठमाण्डौ

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदनपत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. प्रत्यर्थी कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ्ग सम्बन्धी कारोबार गर्ने पुनरावेदक करदाता नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू. ५,५१,६६९।- कर निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७३/०३/१५ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०३/१५ मा जारी भएको सूचना करदाताले मिति २०७३/०३/१७ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०७३/०३/१७ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/०४/०५ मा पेश गरेको ।

४. करदाताले नेपाल बाहिरको दर्ता नभएको पार्टीहरुबाट **SWIFT** र **Reuters** सेवा प्राप्त गरे वापत रु.१८८६०४४।९९ निजहरुलाई भुक्तानी गरेकोमा सो रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा(२) बमोजिम रु.२४५१८६।— दाखिला गर्नुपर्नेमा नगरेको हुँदा सोही ऐनको दफा २०(१)ज बमोजिम २०६९ असाढ कर अवधिको लागि उक्त कर रकम निर्धारण गरी सोमा सोही ऐनको दफा २९(१क) बमोजिम कर विगोको २५ प्रतिशत जरिवाना र दफा १९(२) तथा २६(२) बमोजिम लाग्ने थप दस्तुर एवं व्याज (व्याज र थप दस्तुर २०६९ श्रावण देखि २०७३ असाढ सम्मको) समेत जम्मा रु. ५५१६६९।— मूल्य अभिवृद्धि कर निर्धारण हुने ठहर्छ भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७३/०४/१२ को निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७३/०४/१२ मा जारी गरेको आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझाई नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/१४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदक बैंकले नेपाल बाहिरको संस्थाबाट SWIFT/RUETERS सेवा प्रयोग गरे वापत गरेको भुक्तानीमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर

असुल उपर गरी दाखिला नगरेको आधारमा कार्यालयबाट भएको कर निर्धारण कानून सम्मत नै देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४/०१/०७ मा भएको निर्णय ।

७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूचि १ को समूह ११(४) मा वित्तीय सेवा भन्ने व्यवस्था गरिएको र SWIFT, Reuters सेवा वापतको भुक्तानी समेत वित्तीय सेवा अन्तर्गत कै रहेको हुनाले यस्तो अवस्थामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) को व्यवस्था बमोजिम कर नलाग्ने स्पष्ट हुँदा यस्तो अवस्थामा दफा ८(२) को आधारमा कर निर्धारण गर्नु त्रुटिपूर्ण छ । अतएव प्रत्यर्थी कार्यालयबाट मिति २०७३/०४/१२ मा जारी गर्नु भएको अन्तिम कर निर्धारण आदेश तथा निर्णय पर्चा एवं सोलाई सदर गर्ने हदसम्मको विभागको मिति २०७४।०१।०७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक करदाताको मिति २०७५/०२/२३ को पुनरावेदन पत्र ।

८. यसमा यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०९/१० मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. का तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले मेरो पक्ष मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूचि १ को समूह ११(४) अन्तर्गतको वित्तीय सेवा प्रवाह गर्ने संस्था भएको । SWIFT, Reuters सेवा वापतको भुक्तानी समेत वित्तीय सेवा अन्तर्गत कै कार्य भएको हुनाले यस्तो अवस्थामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(३) को व्यवस्था बमोजिम मेरो पक्षको सो कारोबारमा मूल्य अभिवृद्धि कर नलाग्ने हुंदा दफा ८(२) को आधारमा कर निर्धारण कार्य त्रुटिपूर्ण छ । तसर्थ प्रत्यर्थी कार्यालयबाट जारी गर्नु भएको अन्तिम कर निर्धारण आदेश तथा निर्णय पर्चा एवं सोलाई सदर गर्ने हदसम्मको विभागको निर्णय बदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका शाखा अधिकृत श्री अन्चन भट्टराईले SWIFT, Reuters सेवा व्यवसाय भएकोमा विवाद छैन । यस्तोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार मूल्य अभिवृद्धि कर लगाएको शुरु कार्यालय र विभागको निर्णय परिवर्तन गर्नुपर्ने अवस्था नहुँदा सदर हुनुपर्छ भनी वहस प्रस्तुत गर्नुभयो ।

११. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा शुरु ठूला करदाता

कार्यालय ललितपुरको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

१२. पुनरावेदन जिकिर बमोजिम **SWIFT, Reuters** सेवामा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने के हो त भनी विचार गर्दा पुनरावेदक बैंकले **SWIFT, Reuters** जस्ता सेवाहरु विदेश स्थित संस्थाहरुसंग आवद्ध भई सम्बन्धित आफ्ना उपभोक्ताहरुलाई सेवा प्रवाह गरि व्यवसाय गरी आएकोमा विवाद छैन । आफू एक वित्तीय संस्था भएको तथा उल्लिखित सेवाहरु विदेशबाट प्रवाह हुने सेवा भएको भन्ने आधारमा नेपालभित्र आपूर्ति भएको मानिदैन भन्ने पुनरावेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको हुन्छ । मूल्यअभिबृद्धि करको विषय सेवाको आपूर्तिसँग र भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा "नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा समावेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेवाहरुमा भएको भुक्तानीको रकममा मूल्य अभिवृद्धी कर लाग्ने देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ मा सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेख भएको उक्त परिभाषा अनुसार पनि बैंकले अन्य मुलुकमा रकमान्तर गर्दा प्रयोगमा ल्याएको **SWIFT, Reuters** सेवा हो भन्ने देखिन्छ । तथापि उक्त सेवा वित्तीय सेवा नै हो भनी पुनरावेदनकले प्रमाणित गर्न सकेको पाईदैन । विवादीत विषय भनेको **SWIFT** जस्ता सेवा प्रयोगकर्ताहरुले तिरेको शुल्कसँग सम्वन्धित रहेको देखिन्छ । बैंकले लिने सो शुल्क ऐन अनुसार मूल्य अभिवृद्धी कर लाग्ने सेवा वापतको भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा रहेको कानूनी व्यवस्था अनुसार नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गरे वापत भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर लाग्ने देखिंदा उक्त कर निर्धारण त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

१३. अतः स्थायी लेखा नं. ३०१२६९३२८ भएका पुनरावेदक करदाता नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. को आ.व. २०६८/०६९ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७३/०४/१२ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७४।०१।०७ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकर पुग्न सक्दैन ।अरु तपसीलबमोजिम गर्नू ।

<u>तपसील</u>

फैसलाको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू......१
सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू......................२
फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.............३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री रबि न्यौपाने
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७५ साल फागुन २१ गते रोज ३ शुभम..............................